# प्रदेश सरकार
# उद्योग, पर्यटन,वन तथा वातावरण मन्त्रालय
# प्रदेशनं ७ धनगढी,कैलाली

गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम कार्यान्वयनका लागी आशय पत्र (Expression of Interest) आह्वान गरिएको सूचना ।

**प्रथम पटक प्रकाशन मिति २०७५/०७/१२**

यस ७ नम्बर प्रदेश मातहतमा रहेका ९ जिल्ला (कैलाली , कञ्चनपुर, डडेलधुरा, डोटी, अछाम, दार्चुला, बझाङ, बाजुरा र बैतडी) मा गरिवी निवारण का लगी लघु उद्यम विकास कार्यक्रम (MEDPA )अन्तर्गत लघु उद्यमी सिर्जना तथा स्तरोन्नतीका लागी प्रतिस्प्रधा बाट योग्यताक्रमका आधारमा ब्यवसाय विकास सेवा प्रदाय संस्थाको प्रारम्भिक छनौट गर्नुपर्ने भएकोले सो का लागी ईच्छुक सेवा प्रदायक संस्था ,गैह्र सरकारी संस्था,,फर्म वा कम्पनी बाट उक्त कार्यक्रम संचालन गर्नका लगी रितपुर्वकको आशयपत्र Expression of Intrest आह्वान गरीएको हुदा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशन गरीएको छ ।

**१. आशय पत्रमा पेश गर्नु पर्ने कागजात र शर्तहरु :**

क) संस्था ( ब्यवसाय विकास सेवा प्रदाय :-गैह्र सरकारी संस्था,निजी कम्पनी वा साझेदारी फर्म वा कम्पनी) को विधान वा नियमावली/प्रवन्ध पत्र मा लघु उद्यम ब्यवसाय विकास वा सीप विकास तालिम वा आयआर्जज गर्ने उदेश्य उल्लेख भएको ।

ख) संस्था दर्ता भएको अवधि न्युतम २ वर्ष पुरा भएको ।

ग) आ.व २०७३/०७४ का लागी संस्था नवीकरण भएको ।

घ) संस्था मूल्य अभिबृद्धिकर (VAT)मा दर्ता भएको ।

ङ) आ.व २०७३/०७४ को कर चुक्ताको प्रमाण पत्र । (कर छुट सुविधा प्राप्त गरेको संस्थाको ले कर कार्यालयमा आफ्नो वार्षिक कारोवारको विवरण पेश गरेको प्रमाण पत्र ।

च) कार्यादेश (TOR) मा उल्लेख भए बमोजिम जनशक्ति भएको आवस्यक प्रमाण ।

छ) काम गर्न चाहेको जिल्ला उल्लेख गर्ने ।(अधिकतम २ जिल्ला सम्म) ।

ज) कालो सूचिमा नपरेको स्वघोषणा पत्र पेश गर्ने ।

झ) आ.व २०७२/०७३ र २०७३/०७४ को लेखा परिक्षण प्रतिवेदन ।

ञ) गैर सरकारी संस्थाको हकमा समाज कल्याण परिषदमा दर्ता तथा नविकरण भएको, कम्पनीको हकमा सम्बन्धित निकाय बाट काम गर्ने ईजाजत पत्र प्राप्त भएको ।

ट) विगतमा MEDPA/MEDEP कार्यक्रम संञ्चालन गरेका संस्थाको हकमा अनुभवका साथै तेस्रो पक्ष मुल्याङ्कनको प्रमाणित कागजातहरु ।

२. आशयपत्र आह्वानको सूचना प्रथम पटक प्रकासित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ र १६ औ दिन , दिनको १२ बजे सम्म यस

मन्त्रालयमा आशयपत्र दर्ता गराई सक्नुपर्ने छ । यसरी दर्ता भएका आशयपत्र सोही दिनको १४ बजे देखी आवेदकहरु वा निजका आधिकारीक प्रतिनिधीहरुको उपस्थितीमा यस मन्त्रालयमा खोलिने छ । तर आवेदक वा निजका आधिकारीक प्रतिनिधी अपस्थित नभएमा पनि आशयपत्र खोल्न बाधा पर्ने छैन ।

३) आशय पत्र दर्ता गर्ने र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा पछि लगतै कार्यालय खुलेको दिन माथि सि.न २ मा तोकिएको समय अनुसार नै आशय पत्र दर्ता गर्ने र खोल्ने कार्य गरीने छ ।

४) आशय पत्र दर्ता गर्न सिलबन्दी खामको बाहिर कुन जिल्लाको कार्यक्रम संचालन गर्नको लागी पेश गरिएको हो , सो स्पस्ट खुलेको हुनुपर्ने छ । रीत नपुगेको म्याद, नाघी आएको र कुन जिल्लाको लागी आशय पत्र पेश गरीएको हो, सो स्पस्ट नखुलेको, सहीछाप र सीलबन्दी नभएको आशय पत्र उपर कुनै कारवाही हुने छैन । साथै एक भन्दा बढी जिल्लामा कार्यक्रम संचालन गर्न चाहेको संस्थाले प्रत्येक जिल्लाको लागी छुट्टा छुट्टै जनशक्ति (कर्मचारी) प्रस्ताव गरी आशयपत्र दर्ता गर्नुपर्ने छ । एकै जनशक्ति कर्मचारी प्रस्ताव गरी एक भन्दा बढी जिल्लाका लागी आशय पत्र पेश गरेको पाईएमा यस मन्त्रालयमा दर्ता भएको पहिलो आशय पत्रलाई कायम गरी अन्य आशय पत्र स्वतः रद्ध हुनेछन ।

५) तोकिएको मिति र समय भित्र पर्न आएका आशय पत्रहरु मध्ये बाट सार्वजनिक खरीद ऐन,२०६३ सार्वननिक खरिद नियमावली,२०६४ र गरिवी निवारण का लागी लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७०(तेस्रो संसोधन२०७५) बमोजिम मुल्याङकन गरी प्रत्येक जिल्लाका लागी योग्यता क्रमका आधारमा उत्कृष्ट ३ देखी ६ वटा संस्था छनौट गरी छनौट भएका संस्थाहरुको सूचि वर्णानुक्रम अनुसार राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित गरी सम्बन्धीत जिल्लामा पठाइने छ । दुई वा दुई भन्दा बढी संस्था ले संयुक्त उपक्रम (Joint Venture) संस्थाले संयुक्त रुपमा कार्य गर्ने भएमा त्यस्ता संस्थाको नाम ,ठेगाना, विवरण तथा मुख्य भई काम गर्ने संस्थाको नाम उल्लेख गर्नुका साथै प्रचलित कानुन बमोजिमको रीत पुर्‍याई आशय पत्र पेश गर्नुपर्ने छ । अन्यथा त्यस्ता आशय पत्र उपर कारवाही हुने छैन ।

६) जिल्लामा पठाएको सूचि भित्रबाट सोही जिल्लामा कार्यक्रम संचालन गर्नका लागी जिल्ला समन्वय समितिको समन्वयमा सम्बन्धित जिल्लामा रहेका घरेलु तथा साना उद्योग कार्यालय /समितिले कार्यादेशको अनुसूची २ र ३ समेतको आर्थिक र प्राविधिक प्रस्ताव माग गरी सि.न ५ मा उल्लेखित प्रचलित कानुन र निर्देशिका अनुसार योग्यता क्रमका आधारमा घटीमा ५ वटा स्थानिय तह मा १ संस्था र सो भन्दा बढी स्थानिय तह भएमा २ वटा उत्कृष्ट संस्थाको छनौट गर्ने छन ।

७) विस्तृत विवरण सहितको कार्य क्षेत्रगत शर्त (TOR)आशयपत्र मुल्याङकनका आधार मन्त्रालयको वेइव साईट www.p7.gov.np बाट हेर्न सकिने छ ।

८) Internet बाट E-Submission मा भाग लिन चाहने आशय पत्र दाताहरुले सार्वजनीक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np बाट आशय पत्र पेश गर्न सक्ने छन । यसरी भाग लिन आशयपत्रदाताहरुले आशयपत्र साथ पेश गर्नुपर्ने

कागजातहरु पोटर्ल www.bolpatra.gov.np मा लग ईन (Log in ) गरी प्राप्त निर्देशन अनुसार स्क्यान गरी पि.डि.एफ (PDF) फरम्याटमा तयार गरी अपलोड गर्नु पर्ने छ ।

- E-Submission गर्ने आशय पत्र दाताहरुले यो सूचना प्रकाशित भएको मितिले माथि सिन २ मा उल्लेख भएको समय भित्र अपलोड गरी सक्नुपर्ने छ । अपलोड भएका आसय पत्रहरु सिन २ मा उल्लेखीत शर्त बमोजिम खोलिने छ र स्कयान गरी PDF फमेटमा पेश गरिएका कागजातको सक्कल प्रतिको प्रमाणित प्रतिलिपीहरु आशय पत्र खालेको मितिले ५ दिन भित्र यस मन्त्रालयमा पेश गरिसक्नु पर्ने छ ।
- आशय पत्र खोल्ने समयमा आशय पत्र दाताका आशय पत्रहरु पि.डि.एफ (PDF) फमेटमा अपलोड भएको नदेखिएमा ,अपलोड भएको पि.डि.एफ (PDF) फाईल प्रस्ट संग नबुझिएमा , डाउनलोड हुन नसकेमा वा नभएमा वा डाउनलोड भएको पि.डि.एफ (PDF) फाईल नखुलेमा मन्त्रालय जवाफदेही हुने छैन ।
- एउटै आशय पत्र दाताले सिलबन्दी आशयपत्र र E-submission मध्ये कुनै एक माध्यम बाट मात्र आशय पत्र पेश गर्न सक्ने छन । यदी दुबै प्रणाली प्रयोग गरी आशय पत्र पेश गरेमा दुबै आशय पत्रहरु स्वत: रद्ध हुने छन ।

९) आशय पत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस मन्त्रालयमा रहनेछ ।

१०) प्रचलीत कानुनहरुको अधिनमा रही कार्यक्षेत्रगत शर्त (TOR ) मा उल्लेख भएका कुराहरु सोही बमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७० र तेस्रो संसोधन २०७५ र प्रचलित कानुन बमोजिम हुने छ ।

११) यस विवरणमा थप जानकारी निलनुपर्ने भएमा यस मन्त्रालयको फोन नम्बर : ०९१-५२३०६३ मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१२) आशय पत्र सम्बन्धि बिस्तृत छलफलको लागी यो सुचना प्रकासित मितिले सातौ दिन यो दिन सार्वजनिक विदा भोलिपल्ट अग्रिम बोलपत्र बैठक एचभ bid meeting दिनको १३:३० बजे मन्त्रालयको कार्य कक्षमा बस्ने छ । बैठकमा सहभागी हुन ईच्छुक आशयपत्र दाता हरुलाई यसै सुचना बाट जानकारी गराईएको छ ।

१४) यस मन्त्रालयमा पेश गरीने आशय पत्रमा अनुसुची १ को बमोजिमको प्रस्ताव मात्र र छनौट भएका संस्थाले अनुसुची २ र ३ अनुसारको प्रस्ताव समेत जिल्ला स्थित सम्बधीत कार्यालयमा पेश गर्नुपनर्ने छ ।